# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज २ गते २०३५ साल

श्री ५ को सरकार

## खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

## सूचना

सुन्सरी मोरङ्ग सिंचाइ विकास समिति (गठन) आदेश, २०३५

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "सुन्सरी मोरङ्ग सिंचाइ विकास समिति (गठन) आदेश, २०३५ रहेको छ।"

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : यस आदेशमा "परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत सुन्सरी मोरङ्ग सिंचाइ विकास परियोजना सम्झनुपर्छ ।

३. समितिको गठन : (१) सुन्सरी मोरङ्ग सिंचाइ विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :–

(क) सचिव, खाद्य, कृषि तथा सिंचाइ मन्त्रालय– अध्यक्ष
(ख) प्रतिनिधि, अर्थ मन्त्रालय– सदस्य
(ग) प्रतिनिधि, जल तथा विद्युत् मन्त्रालय– सदस्य
(घ) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय– सदस्य
(ङ) महानिर्देशक, कृषि विभाग– सदस्य
(च) महानिर्देशक, सिंचाइ तथा जलवायु विज्ञान विभाग– सदस्य
(छ) परियोजना प्रमुख, सुन्सरी मोरङ्ग सिंचाइ विकास योजना–सदस्य सचिव

(३) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूको संख्यामा थपघट वा नाममा हेरफेर गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : परियोजना सञ्चालन गर्नु समितिको कर्तव्य हुनेछ र त्यसको सञ्चालनको लागि समितिले निम्नलिखित कामहरू गर्न सक्नेछ :–

(क) चतरानहरको विस्तार, निर्माण र मर्मत गर्ने ।
(ख) चतरानहरबाट उपलब्ध हुने पानी खेत खेतमा पुऱ्याउन नहर, ढल (ड्रेनेज) तथा तत्सम्बन्धी अन्य निर्माण कार्यहरू गर्ने ।
(ग) चतरानहरको मुहानमा हरबखत पर्याप्त मात्रामा पानी उपलब्ध गराउन कोशी नदीको पानी ल्याउन विशेष व्यवस्था गर्ने ।
(घ) चतरानहरलाई बाढीबाट सुरक्षा गर्न एवं नहरमा बालुवा थुप्रिनबाट बचाउन (सेडिमेण्ट कन्ट्रोल) को लागि आवश्यक व्यवस्था गर्ने ।
(ङ) चतरानहर सञ्चालन तथा संरक्षण गर्न अन्य आवश्यक कामहरू गर्ने ।
(च) परियोजना क्षेत्रमा सघन कृषि विकास कार्यक्रम सञ्चालन गर्ने ।
(छ) परियोजना सञ्चालन गर्नको लागि श्री ५ को सरकार र अन्तर्राष्ट्रिय विकास संस्था बीचको ऋणसम्बन्धी सम्झौता र सोसित संलग्न सहायक पत्रहरूमा उल्लेखित कामहरू गर्ने ।
(ज) परियोजनाको सञ्चालनको सम्बन्धमा नीति निर्धारण गर्ने र कार्यान्वयनमा रेखदेख पुऱ्याउने ।
(झ) कृषिको लागि ऋण तथा अन्य साधनहरू सुलभ गराउने ।
(ञ) कृषि उत्पादनको प्रशोधन, संग्रहस्थान तथा खरीद-बिक्रीको सुविधा उपलब्ध गराउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) कृषकहरूलाई आधुनिक कृषि प्रणालीबारे बोध गराउने ।

(ठ) सिंचाइ सुविधा उपलब्ध भएको क्षेत्रमा पानी दस्तूर तोक्ने र सो दस्तूर उठाउने व्यवस्था मिलाउने ।

(ड) कृषि विकासको लागि आवश्यक तथ्याङ्कहरू सङ्कलन गर्ने ।

(ढ) खेत खेतमा पानी पुऱ्याउने "पानी उपयोग टोली" को गठन गर्ने ।

(ण) खेतमा गर्नुपर्ने निर्माण कार्य (फार्म डीच) सम्बन्धित कृषकद्वारा वा स्थानीय गाउँ पञ्चायतद्वारा गराउने व्यवस्था गर्ने, सम्बन्धित कृषकले त्यस्तो निर्माण कार्य नगरेमा लागेको खर्च निजबाट असूल गर्ने गरी समितिले स्वयं सो काम गर्ने र त्यसरी निर्माण कार्य पूरा भइसकेपछि सिंचाइको लागि पानी उपलब्ध गराउने ।

(त) परियोजना कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको बैठक र निर्णय : (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) समितिको कूल सदस्य संख्याको पच्चास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) अध्यक्षको अनुपस्थितिमा समितिको बैठकको अध्यक्षता उपस्थित सदस्यहरूले आफूमध्येबाट तोकेको व्यक्तिले गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ ।

(५) समितिको आमन्त्रणमा श्री ५ को सरकारको कुनै अधिकृत, स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकार समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन सक्नेछ ।

(६) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

६. समितिको कोष : (१) समितिको कोषमा देहायको रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ ।

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) श्री ५ को सरकारमार्फत् कुनै विदेशी वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम ।

(२) समितिको कोषको सञ्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१९

७. लेखापरीक्षण : (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाव किताब जाँच्न वा जँचाउन सक्नेछ ।

८ अधिकार प्रत्यायोजन गर्न सकिने : समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उप-समिति वा परियोजनको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९ नियम बनाउने अधिकार : समितिले आफ्नो कार्य सञ्चालनको लागि श्री ५ को सरकारको स्वीकृती लिई आवश्यक नियमहरू बनाउन सक्नेछ ।

१०. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा खाद्य, कृषि तथा सिंचाइ मन्त्रालय, सिंचाइ तथा जलवायु विज्ञान विभागमार्फत् राख्नु पर्नेछ ।

११. समितिको कार्यालय : समितिको प्रधान कार्यालय काठमाडौंमा र परियोजना कार्यालय विराटनगरमा रहनेछ ।

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग
४९९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।